मितिः २०८२।०१।१६ गते [illegible] गाउँ कार्यपालिका बैठक नं. ५१

आज मिति २०८२।०१।१६ गते मंगलबारका दिन बिहान ०८:०० बजे यस बागमती गाउँपालिकाका अध्यक्ष श्री सर्केश घलानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

**उपस्थिति**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सर्केश घलान | अध्यक्ष | |
| २ | श्री फणिन्द्र कुमार तिमल्सिना | उपाध्यक्ष | |
| ३ | श्री हस्त बहादुर थिङ, ०१ नं. का.वा. वडाध्यक्ष | सदस्य | |
| ४ | श्री जनक बहादुर पहरी, ०२ नं. वडाध्यक्ष | सदस्य | |
| ५ | श्री कमान सिं पाखिन, ०३ नं. वडाध्यक्ष | सदस्य | |
| ६ | श्री दन्त लाल माझी, ०४ नं. वडाध्यक्ष | सदस्य | |
| ७ | श्री विजय कुमार भोलन, ०५ नं. वडाध्यक्ष | सदस्य | |
| ८ | श्री टेक बहादुर डिम्डुङ, ०६ नं. वडाध्यक्ष | सदस्य | |
| ९ | श्री उत्तर बहादुर भोलन, ०७ नं. वडाध्यक्ष | सदस्य | |
| १० | श्री इन्द्रमणी तिमल्सिना, ०८ नं. वडाध्यक्ष | सदस्य | |
| ११ | श्री पुनराम घलान, ०९ नं. वडाध्यक्ष | सदस्य | |
| १२ | श्री भिम भुजेल | सदस्य | |
| १३ | श्री डम्बर बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री अम्बिका विश्वकर्मा | सदस्य | अम्बिका |
| १५ | श्री उर्मिला वि.क. | सदस्य | उर्मिला |
| १६ | श्री भगवती माया माझी | सदस्य | भगवती |
| १७ | श्री सुनिता नेगी | सदस्य | |
| १८ | श्री ओम बहादुर दर्जी | सचिव | |

मितिः २०८२।०१।१६ गते गाउँ कार्यपालिका बैठक नं. ५९

## प्रस्तावित विषयहरु

१. विगत गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
२. प्रदेश समपुरक तथा विशेष अनुदान सम्बन्धमा।
३. नदीजन्य पदार्थको IEE सम्बन्धमा।
४. नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना तथा संचालन सम्बन्धमा।
५. फुटबल एकेडेमी संचालनार्थ प्रशिक्षक छनौट समिति गठन तथा प्रशिक्षक सम्बन्धमा।
६. कार्यविधि सम्बन्धमा।
७. डिपीआर स्वीकृत एवं अनुमोदन सम्बन्धमा।
८. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत सम्बन्धमा।
९. निजी जग्गाबाट साधारण माटो उत्खनन् सम्बन्धमा।
१०. भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई लालपुर्जा वितरणको लागि सिफारिस सम्बन्धमा।
११. बजेट रकमान्तर सम्वन्धमा।
१२. विविध १, २, ३, ४, ५, ६, ७ र ८

सर्केश घलान
अध्यक्ष

मितिः २०८२।०१।१६ गते | गाउँ कार्यपालिका

## निर्णयहरु

### निर्णय नं. ०१

प्रस्तावित विषय नं. ०१ माथि छलफल गर्दा यस गाउँ कार्यपालिकाबाट गत विगतमा पारित भएका अधिकांश बैठकका निर्णयहरु कार्यान्वयन भएका एवं कार्यान्वयनका चरणमा रहेको हुँदा थप प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका जनप्रतिनिधिमुलक संयन्त्र, कर्मचारी संयन्त्र तथा सम्पूर्ण सरोकारवालाहरुको सहयोग एवं समन्वयमा सबै संयन्त्रहरु परिचालन गरी कार्यसम्पादन गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

### निर्णय नं. ०२

प्रस्तावित विषय नं. ०२ माथि छलफल गर्दा बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय हेटौंडाको बागमती प्रदेश भित्रका सबै (११९) स्थानीय तहहरुलाई आ.व. २०८२।८३ का लागि प्रदेश समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गतका आयोजना/कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धी मिति २०८१।१२।२१ गते प्रकाशित सूचना बमोजिम आ.व. ०८२।८३ मा कार्यान्वयन एवं प्रारम्भ हुने गरी यस गाउँपालिकाको देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु प्राथमिकता क्रमको आधारमा प्रदेश समपूरक तथा विशेष अनुदान अन्तर्गत माग गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

**प्रदेश समपूरक अनुदान तर्फः**

| प्रा.क. नं. | योजना तथा कार्यक्रमको नाम | योजना कार्यान्वयन हुने स्थल | अनुमानित लागत (रु.) | प्रदेश सरकार सँग माग गर्ने रकम (रु.) | गाउँपालिकाले व्यहोर्ने लागत सहभागिता रकम (रु.) | कै. |
|---|---|---|---|---|---|---|
| १ | राईगाउँ क्यान्टिन मोटरबाटो | बागमती-०४, ०१ र ०२ | १,९४,१८,६१६।९७ | १,१६५१,१७०।१८ | ७७,६७,४४६।७८ | |
| २ | गुर्दुम कुटीभकारी सडक | बागमती-०३ | १,९८,०८,६७९।२२ | १,१८,८५,२०७।५३ | ७९,२३,४७१।६८ | |
| ३ | झुरझुरे युद्ध पार्क | बागमती-०४ | १,९९,४६,६९१।७७ | १,१९,६८,०१५।०६ | ७९,७८,६७६।७० | |

**प्रदेश विशेष अनुदान तर्फः**

| प्रा.क. नं. | योजना तथा कार्यक्रमको नाम | योजना कार्यान्वयन हुने स्थल | अनुमानित लागत (रु.) | प्रदेश सरकार सँग माग गर्ने रकम (रु.) | गाउँपालिकाले व्यहोर्ने लागत सहभागिता रकम (रु.) | कै. |
|---|---|---|---|---|---|---|
| १ | Bagmati Health Service Development and Support Project | बागमती गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरु | ९८,५०,०००।- | ९२,५०,०००।- | ६,००,०००।- | |
| २ | Educational Development, IT and Infrastructure Support for Low Literacy Community of Bagmati Rural Municipality | बागमती गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरु | १,००,००,०००।- | ९५,००,०००।- | ५,००,०००।- | |
| ३ | Bagmati Agriculture Development, Food Security and Livestock Support Project | बागमती गाउँपालिकाका अन्तर्गतका सबै वडाहरु | ९९,५०,०००।- | ९४,५०,०००।- | ५,००,०००।- | |

सर्केश घलान
अध्यक्ष

CamScanner

**निर्णय नं. ०३**

**प्रस्तावित विषय नं. ०३** माथि छलफल गर्दा बागमती गाउँपालिका क्षेत्र भित्रका खोला, खहरे एवं सम्भावित नदीजन्य पदार्थको भण्डारण हुने स्थानहरुबाट प्रचलित कानुन बमोजिम उत्खनन, संकलन र बिक्री गर्ने प्रयोजनार्थ देहायका खोलाका विन्दुहरुको प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) गर्नु पर्ने भएकोले तोकिएको मापदण्डको आधारमा उक्त विन्दुहरु समाहित गरी ToR निर्माण एवं तयारी गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत वातावरण तथा प्राविधिक शाखालाई निर्देशन दिने र तयार पारिएको ToR स्वीकृतिको लागि जिल्ला समन्वय समिति मकवानपुर समक्ष पेश गरी सो ToR स्वीकृति पश्चात् परामर्श सेवा खरिदका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन समेत निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | खोलाको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | धन्साई खोला | ७ र ८ | |
| २ | मन्साई खोला | ७ | |
| ३ | चाँदे खोला | ४ र ५ | |
| ४ | जोखने खोला | ४ | |
| ५ | लम्काना खोला | ४ | |
| ६ | भैंसे खोला | ४ र १ | |
| ७ | गुह्ये खोला | १ | |
| ८ | चिरुवा खोला | १, २ र ३ | |
| ९ | बगेरी/बागमती खोला | ५ | |
| १० | रजबास खोला | ८ | |
| ११ | चौराह खोला | ६, ७, ४ र ५ | |

**निर्णय नं. ०४**

**प्रस्तावित विषय नं. ०४** माथि छलफल गर्दा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना तथा संचालन सम्बन्धमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

क) बागमती गाउँपालिका क्षेत्रका निजी जमिन, नदी किनारा तथा घाटहरुबाट नदी/ढुंगा/माटोजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल, माटो, पाँगो) को दीगो व्यवस्थापन गरि गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधार लगायतका संरचनामा स्थानीय श्रोतहरुको प्रयोग बढाई आर्थिक मितव्ययिता कायम गर्न, हाल सम्म प्रभावकारी उपयोगमा नआएका, त्यतिकै खेर गइरहेका, चोरी निकासीको उच्च संभावना एवं जोखिम रहेका नदी/ढुंगा/माटोजन्य पदार्थको संरक्षण र उपयोग गर्दै गाउँपालिकाको भरपर्दो गुणस्तरयुक्त दिगो विकास, गाउँपालिकाको समग्र हित, आन्तरिक राजश्व क्षमता अभिवृद्धि गरि गाउँपालिकालाई पूर्वाधार निर्माणको लागि आवश्यक आधारभूत स्रोतसाधन सम्पन्न बनाउन, नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योगहरुको स्थापना गरी गाउँपालिकाको स्थानीय आर्थिक विकास मार्फत रोजगारीको सिर्जना गर्दै स्थानीय आम नागरिकहरुको जीविकोपार्जनमा सहज बनाउन तथा आयआर्जन वृद्धि गराउन बागमती गाउँपालिका, मकवानपुरको जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी ऐन, २०८१ एवं बागमती गाउँपालिका, मकवानपुरको जलाधार, बन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण तथा उपयोग सम्बन्धी नियमावली, २०८१ को कार्यान्वयनार्थ सोही ऐन तथा नियमावलीमा उल्लिखित

सर्केश घलान
अध्यक्ष

अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाद्धारा निर्मित बागमती गाउँपालिका अन्तर्गतका नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योग संचालन सम्बन्धी कार्यविधि, २०८१ को प्रभावकारी एवं ठोस कार्यान्वयन गर्न ऐ.ऐ. ऐनको दफा ८, ऐ.ऐ. नियमावलीको नियम १५ को उपनियम ३ एवं नियम १६ र ऐ.ऐ. कार्यविधिको दफा ३ को उपदफा १(ख) तथा उपदफा २ बमोजिम **क्रसर उद्योग** स्थापना गरी पूर्ण रुपमा गाउँपालिकाको स्वामित्वमा संचालन गर्ने एवं उक्त क्रसर उद्योग स्थापना गरी संचालन गर्ने प्रयोजनार्थ बागमती गाउँपालिका अन्तर्गतका नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योग संचालन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा २ बमोजिमको कार्यका लागि आवश्यक सहजीकरण गर्न, गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ख) गत अघिल्लो आ.ब. २०८०/०८१ को योजना शीर्षक "क्रसर निर्माण" ठेक्काको नाम "Construction Installation, Testing and Commissioning of 100 TPH Crushing Plant at Bagmati, Makwnpur IFB No: BRM/NCB/TEND/009/2080/081" भएको खरिद तथा निर्माण कार्यको लागि मिति २०८१/०१/०२ मा ठेक्का Publish भएको तथा मिति २०८१/०२/०१ मा Technical Bid Open भएकोमा तीन वटा Bid Response भइ १. Pandey and Rupakheti Construction & Heavy Equipment-SNS JV २. Marsyangdi-Applied JV ३. Kamlesh-Niharika JV बाट पेश भएको तथा मिति २०८१/०२/२८ मा Financial Bid Open गरिएकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको प.सं. अनु१(क), (C-069043), स्था.०८०/८१, च.नं. ४१७८/66857, मिति २०८१।०२।१७ गतेको पत्र मिति २०८१।०२।२९ गते बागमती गाउँ कार्यपालिकाको कार्यालयमा प्राप्त भइ पत्रमा उल्लिखित व्यहोरा अनुसार उक्त ठेक्काको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौंडा, मकवानपुरमा उजुरी परेको हुँदा ठेक्का प्रक्रिया अगाडि नबढाई हालसम्म स्थगन गरिएकोमा विविध कारणहरुबाट बोलपत्र मान्य हुने समयावधि समेत समाप्त भइ गुज्रिसकेको विद्यमान अवस्था एवं Standard Bid Document मा उल्लिखित ITB Clause 37 Employer's Right to Accept Any Bid, and to Reject Any or All Bids को The Employer reserves the right to accept or reject any bid, and to annul the bidding process and reject all bids at any time prior to Contract award, without thereby incurring any liability to Bidders. In case of annulment, all bids submitted and specifically, bid securities, shall be promptly returned to the Bidders अर्थात् संस्थाले कुनै पनि प्रस्तावलाई स्वीकार वा अस्वीकार गर्ने र ठेक्का लगाउनु एवं सम्झौता हुनु अगावै बोलपत्र प्रक्रिया रद्द गरी सबै प्रस्तावहरू अस्वीकार गर्ने अधिकार सुरक्षित राख्छ र यसरी बोलपत्रकर्ताहरूलाई कुनै दायित्व लाग्दैन, रद्द गर्दा, पेश गरिएका सबै प्रस्तावहरू र विशेष गरी बोलपत्र सुरक्षा, बोलपत्रकर्ताहरूलाई फिर्ता गरिनु पर्नेछ भन्ने प्रावधान मुताबिक सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम ठेक्का रद्द गर्ने र सोको जानकारी सम्बन्धित निकायलाई गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

ग) बागमती गाउँपालिकाको खनिज पदार्थ विकास समितिको मिति २०८२।०१।१६ गतेको सम्पूर्ण निर्णयलाई सर्वसम्मत अनुमोदन गरि बागमती गाउँपालिका अन्तर्गतका नदी/ढुंगा/माटोजन्य पदार्थमा आधारित उद्योग संचालन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ को उपदफा ४(ख) बमोजिमको **अनुसूची-१** मा उल्लिखित स्वीकृत लागत अनुमान अनुमोदन गर्ने एवं उक्त अद्यावधिक लागत अनुमान अनुसार चालु आ.व. मा क्रसर निर्माण शीर्षकमा विनियोजित रु. ५ करोड ४१ लाख बजेटमा अपुग हुन जाने बाँकी रकम रु. ३३,३१,६५६।९६ (अक्षरेपि तेत्तीस लाख एकतीस हजार छ सय छपन्न रुपैयाँ छयानब्बे पैसा मात्र) अनिवार्य रुपमा आगामी गाउँसभाबाट विनियोजन गरी स्रोत सुनिश्चितता गर्ने प्रतिवद्धताका साथ स्वीकृत लागत अनुमान अनुसार चालु आ.व. को क्रसर निर्माण योजना कार्यान्वयानार्थ नयाँ ठेक्का आह्वान गरी बागमती गाउँपालिकाको विकास र समृद्धिमा दीर्घकाल सम्म सकारात्मक प्रभाव पार्ने उक्त महत्वपूर्ण कार्यक्रम एवं परियोजना कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

सर्केश घलान
अध्यक्ष

CamScanner

*निर्णय नं. ०५*

प्रस्तावित विषय नं. ०५ माथि छलफल गर्दा बागमती गाउँपालिकाको खेलकुद एकेडेमी संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ को दफा ३१ बमोजिम प्रशिक्षक छनौटको प्रयोजनार्थ दफा ३३ बमोजिम देहायानुसार प्रशिक्षक छनौट समिति गठन गर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै हाललाई मुख्य प्रशिक्षक छनौटका लागि समितिलाई निर्देशन दिने एवं मुख्य प्रशिक्षकको सेवा सुविधा अधिकृतस्तर छैटौं तहको आधारभूत तलब मानमा १५०% नबढाई नियमानुसारको करकट्टी हुने गरी थप सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो।

देहाय

| बागमती गाउँपालिकाको फुटबल एकेडेमी संचालनार्थ प्रशिक्षक छनौट समितिः | | | |
|---|---|---|---|
| क्र.सं. | नाम, थर र पदाधिकार | पद | कै. |
| १ | ओम बहादुर दर्जी, प्रमुख प्रशासकीय अधिकृत | संयोजक | |
| २ | संजिव मिश्र, खेलकुद विज्ञ | सदस्य | |
| ३ | भिम भुजेल, गाउँ कार्यपालिका सदस्य | सदस्य | |
| ४ | रहर सिं थिङ, खेलकुद विकास समिति संयोजक सदस्य | सदस्य | |
| ५ | झम्क नारायण घलान, फुटबल एकेडेमी संचालन तथा व्यवस्थापन समिति संयोजक | सदस्य | |
| ६ | प्रकाश चन्द, शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख | सदस्य | |
| ७ | सार्थक घिमिरे, प्रशासन शाखा प्रमुख | सदस्य-सचिव | |

*निर्णय नं. ०६*

प्रस्तावित विषय नं. ०६ माथि छलफल गर्दा आ.व. ०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको प्रभावकारी एवं विधिसम्मत ढंगबाट कार्यान्वयन गर्न एवं गाउँपालिकालाई दीर्घकाल सम्म आवश्यक पर्ने कानुन अन्तर्गत ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु निर्माण गर्नुपर्ने र कार्यान्वयनमा रहेका ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, योजना लगायतका कानुनहरु संशोधन गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै सुव्यवस्थित तथा प्रकृयागत तवरले सरोकारवालाहरु समेतको संलग्नतामा कानुनको निर्माण र संशोधनका लागि गाउँपालिकाको विधेयक समिति मार्फत कानुन निर्माण एवं संशोधनको मस्यौदा तयारी र स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्ने प्रयोजनार्थ देहाय बमोजिमका कानुन निर्माण एवं संशोधनका लागि विधेयक समितिलाई अनुरोध गर्ने सर्वसम्मतिमा निर्णय गरियो ।

देहाय

| क्र.सं. | विवरण | कैफियत |
|---|---|---|
| १ | कृषि उपज संकलन तथा बिक्री सेवा केन्द्र स्थापना एवं संचालन कार्यविधि, २०८१ | निर्माण |

*निर्णय नं. ०७*

प्रस्तावित विषय नं. ०७ माथि छलफल गर्दा बागमती गाउँ कार्यपालिकाको मिति २०८१/०९/१९ गतेको निर्णयानुसार देहाय बमोजिमका योजनाको डिपीआर तथा प्रस्ताव गाउँ कार्यपालिकाको कार्यालयले प्रचलित नियमानुसार परामर्शदातृ संस्था छनौट गरी उक्त कार्यहरु गरेको हुँदा परामर्शदातृ संस्थाहरुबाट तयार पारिएको डिपिआर तथा प्रस्ताव आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएकोले सो डिपीआर तथा प्रस्ताव उपर छलफल गरी स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो। साथै गाउँ कार्यपालिकाको कार्यालयलाई उक्त डिपिआर तथा प्रस्ताव तयारी बापत सम्झौतानुसारको रकम भुक्तानीको लागि निर्देशन दिने निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

देहाय

| क्र.सं. | योजना | परामर्शदातृ संस्थाको नाम र ठेगाना | कबोल रकम (भ्याट समेत रु.) | सम्पादित कार्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | नुन बगर खोला पुल निर्माण | ईस्ट इन्जिनियरिङ सोलुसन प्रा.लि., ललितपुर नेपाल। | ३,९४,०१९।७० | डिपीआर निर्माण | |
| २. | लखन खहरे पक्की पुल बागमती गाउँपालिका वडा नं.०३, मकवानपुर | ड्रिम डेभलोपर्स प्रा.लि., हरिहरभवन, ललितपुर। | १,४४,०००।०० | माटो परीक्षण | |

*निर्णय नं. ०८*

**प्रस्तावित विषय नं. ०८** माथि छलफल गर्दा श्री गुणी बिल्डर्स एण्ड मिनरल्स कम्पनी प्रा. लि., मनहरी-०७, मकवानपुरले यस गाउँपालिका अन्तर्गतका वडा नं. ०५, ०६, ०७ र ०९ मा रहेका निजी जग्गाहरुबाट साधारण माटो उत्खनन् तथा बिक्री वितरण एवं साधारण माटो उपयोग गर्ने प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि मिति २०८१।०९।१७ गते कार्यसूची (TOR) स्वीकृतार्थ पेश गरेकोमा गाउँ कार्यपालिकाको मिति २०८१।११।१३ गतेको निर्णयानुसार उक्त TOR स्वीकृत गरि TOR अनुसारको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) तयार गर्न अनुमति दिईएकोमा सो कम्पनीले TOR अनुसारको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को पहिलो ड्राफ्ट तयार पारी मिति २०८१।१२।०५ गते पेश गरेको र उक्त ड्राफ्टमा आवश्यक परिमार्जन एवं सुझाव सहित अन्तिम वातावरणीय परिक्षण प्रतिवेदन (IEE) पेश गर्न भनिएकोमा मिति २०८१।१२।२९ गतेका दिन आवश्यक परिमार्जन सहित तयार पारिएको अन्तिम IEE प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गरेको एवं उक्त IEE प्रतिवेदन स्वीकृतिका लागि आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएकोले सो उपर विस्तृत छलफल गरि स्वीकृत गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

*निर्णय नं. ०९*

**प्रस्तावित विषय नं. ०९** माथि छलफल गर्दा निर्णय नं. ०८ मा उल्लिखित स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) को अधीनमा रहि सोको पूर्णरुपमा पालना गर्ने गरी साधारण माटो उपयोग गर्ने प्रयोजनार्थ बागमती प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ९ को उपदफा १ एवं सो सँग सम्बन्धित अनुसूची-५ को सि.नं. १ अनुसार निवेदकको मागको आधारमा प्रति घनफिटका दरले हुन आउने एकमुष्ट शुल्क लिई अनुमति दिन प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो। साथै सोको नियमनका लागि गाउँपालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिलाई प्रभावकारी बनाई नदीजन्य पदार्थको नियमनका लागि सहजीकरण गर्न तोकिएको फोकल पर्सनलाई थप जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

*निर्णय नं. १०*

**प्रस्तावित विषय नं. १०** माथि छलफल गर्दा यस बागमती गाउँपालिका अन्तर्गतका वडा नं. ०१, ०२, ०४ र ०६ बाट रीतपूर्वक प्रास निवेदन, वडाको सिफारिस तथा जग्गा नापजाँचको विवरणको आधारमा **अनुसूची-२** मा उल्लिखित भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीहरुलाई लालपुर्जा वितरण गर्ने प्रयोजनार्थ आवश्यक प्रक्रियाको लागि भूमि समस्या समाधान आयोग मकवानपुरमा सिफारिस गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

सर्केश घलान
अध्यक्ष

CamScanner

मिति: २०८२।०१।१६ गते

गाउँ कार्यपालिका

बैठक नं. ५९

*निर्णय नं. ११*

**प्रस्तावित विषय नं. ११** माथि छलफल गर्दा बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ को योजना तथा कार्यक्रममा विनियोजित बजेट कार्यान्वयन गर्ने क्रममा हाल कुनै शीर्षकमा बजेट बचत हुने देखिएको र कुनैमा अपुग हुने देखिन आएको हुँदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ को अधीनमा रहि देहायका योजना तथा कार्यक्रमहरुका शीर्षकहरुबाट बजेट रकम रकमान्तर गर्ने र योजना तथा कार्यक्रम कार्यान्वयन गर्न एवं भुक्तानी प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृत मार्फत गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र. सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट (रु.) | रकमान्तर भइ जाने रकम (रु.) | कायम हुने बजेट (रु.) | क्र. सं. | योजना तथा कार्यक्रम | विनियोजित बजेट (रु.) | रकमान्तर भइ थप हुने रकम (रु.) | कायम हुने बजेट (रु.) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बिउ पुँजी परिचालन कार्यक्रम | २,६४,६०,०००।- | ६,५०,०००।- | २,५८,१००००।- | १ | पाँचपाण्डव सिँचाई आयोजना वडा नं. ०४ | ५०,००,०००।- | २,५०,०००।- | ५२,५०,०००।- | |
| | | | | | २ | नागरिक आरोग्य केन्द्र अधुरो कार्य सम्पन्न | ६,००,०००।- | ४,००,०००।- | १०,००,०००।- | |

*निर्णय नं. १२*

**प्रस्तावित विषय नं. १२** माथि छलफल गर्दा आवश्यकता एवं औचित्यताको आधारमा देहायानुसार सर्वसम्मतिमा निर्णय गरियो।

१. मिति २०८२।०१।०९ गते बसेको गाउँ विपद् समितिको निर्णय आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा उक्त निर्णय उपर विस्तृतमा जानकारी लिई आवश्यक छलफल गरी सर्वसम्मतिमा अनुमोदन गर्ने।

२. सम्मानित सर्वोच्च अदालतमा बागमती गाउँपालिका विरुद्दको मुद्दा (रिट निवेदन नं. ०८१-MS-००३९ र ०८१-AP-०४९९) मा गाउँपालिकाको तर्फबाट लिखित जवाफ पेश गरी बहस पैरवी गर्न तथा तारेखमा रहि गाउँपालिकाको प्रतिनिधिको रुपमा यस गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत अधिवक्ता श्री प्रेम बहादुर थोकर (प्र.प्र.नं. १३८८१) लाई अख्तियारी दिईएकोमा सोलाई अनुमोदन गर्ने।

३. सुन्थानी ठूलो दमार खानेपानी योजना, बागमती ०२ को उपभोक्ता समितिको निर्णय र निवेदन तथा सम्बन्धित वडा कार्यालयको सिफारिसको आधारमा मिति २०८२।०१।१० गतेको गाउँ कार्यपालिका कार्यालयको निर्णयानुसार तपसिल बमोजिमको योजनाको म्याद थप गरिएकोमा सोलाई अनुमोदन गर्ने।

तपसिल

| क्र.सं. | योजनाको विवरण | स्वीकृत बजेट रु. | सम्झौता भएको मिति | सम्झौता गर्ने निकाय | सम्पन्न गर्नुपर्ने मिति | तोकिएको समय भित्र सम्पन्न गर्न नसकिनुका कारण | म्याद थप भएको अवधि | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | सुन्थानी ठुलो दमार खानेपानी योजना, बागमती ०२ | २६,६०,००० | २०८१/०८/२३ | सुन्थानी ठुलो दमार खानेपानी योजना उपभोक्ता समित | २०८१/१२/३१ | दुर्गम र भौगोलिक विकटताका कारणले सामान ढुवानी नभएर मानिसले बोक्नुपर्ने भएकोले | २०८२/०१/३० | प्रदेश सशर्त अनुदान |

सर्केश घलान
अध्यक्ष

CamScanner

४. यस गाउँपालिका अन्तर्गत वडा नं. ०६ मा अवस्थित श्री टासी ग्याङ छ्युब छ्योईलिङ गुम्बालाई जिल्ला ललितपुर कालेश्वर गा.वि.स. वडा नं. ०१ निवासी श्री नेत्रमानिको नाती, श्री रामकृष्ण ठोकरको छोरा श्री ङिमा नोर्बु ठोकरको नाममा रहेको जग्गा साविक फापरबारी गा.वि.स. वडा नं. ०६ हाल बागमती गाउँपालिका वडा नं. ०६, कि.नं. २६४४ को ज.वि. ०-१-०-० क्षेत्रफल भएको जग्गा उक्त गुम्बाको नाममा निःशुल्क रजिष्ट्रेशन पास गरिदिने सहमति भएको भनि वडाको सिफारिस, जग्गा धनीको मञ्जुरीनामा लगायतका आवश्यक कागजातका साथ संलग्न गरी आज बसेको गाउँ कार्यपालिकाको बैठकमा पेश हुन आएको हुँदा प्रचलित कानुन बमोजिम जग्गा रजिष्ट्रेशन पासको लागि मालपोत कार्यालय मकवानपुरलाई सिफारिस गर्ने।

५. जिल्ला मकवानपुर बागमती गाउँपालिका वडा नं. ०५, भोर्लेनीका स्थायी निवासी श्री हस्त बहादुर थिङको छोरी आफू हाल उच्च शिक्षा प्रासिका लागि प्रदेश कोशी, जिल्ला सुनसरी, धरान उपमहानगरपालिका-१० मा अवस्थित श्री महेन्द्र बहुमुखी क्याम्पसमा इस्विसंवत् २०२१ देखि बी.ए.एल.एल.बी. (BALLB) मा प्रथम सेमेस्टरमा भर्ना भइ नियमित रुपमा अध्ययनरत रहेको र पारिवारिक आर्थिक अवस्था निकै कमजोर भएको कारण क्याम्पसमा तिर्नु पर्ने शुल्क, कोठाभाडा, खाने बस्ने व्यवस्था तथा शैक्षिक सामग्रीहरुको व्यवस्थापनमा समस्या भएको भनि मिति २०८२/०१/१० गते छात्रवृत्ति माग सहितको व्यहोराको निवेदन पेस भए अनुसार निज छात्रालाई आफ्नो लक्ष्य एवम् उद्देश्य प्रासिका लागि अध्ययनरत शिक्षा प्रासिमा सहयोग पुर्याउन यस गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत बजेटको **(राजस्व बाँडफाँड- प्रदेश सरकार) खर्च शीर्षक २७२११ तथा छात्रवृत्ति शीर्षकबाट रु. ५५,०००।- (अक्षरेपि पचपन्न हजार मात्र)** उपलब्ध गराउने।

६. यस बागमती गाउँपालिकाका नागरिकहरुले विभिन्न आर्थिक विपन्नताको समस्या देखाइ आर्थिक सहयोगको अपेक्षा राख्दै सहयोग रकम माग गर्नु भएको हुँदा सहयोगको प्रकृति, आवश्यकता एवं औचित्यताको आधारमा बागमती गाउँपालिकाको चालु आ.व. २०८१।८२ मा विनियोजित दीर्घ रोगी, गम्भिर प्रकृतिका विरामी तथा विपद्मा परेकालाई आर्थिक सहयोग खर्च शीर्षकबाट भुक्तानी हुने गरी देहायानुसार आर्थिक सहायता प्रदान गर्ने सर्वसम्मतिमा निर्णय गरियो।

देहाय

| क्र.सं. | लाभग्राहीको नाम, थर | ठेगाना | रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | राधा लोप्चन | बागमती-०२ | १००००।- | |

७. यस बागमती गाउँपालिकाको तपसिलको करार सेवाका पदहरु रिक्त हुन गएकोले गाउँपालिकाबाट हुने सेवा प्रवाह, विकास निर्माणको कार्यहरु तथा कार्यालय व्यवस्थापनमा समस्या भएको हुँदा उक्त रिक्त पदहरुमा यथाशीघ्र करार सेवामा कर्मचारी पदपूर्ति सम्बन्धी गाउँपालिकाको कानुन बमोजिम पदपूर्ति गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

तपसिल

| क्र.सं. | पद | माग पदसंख्या | तह | मासिक सेवा सुविधा (रु.) | सम्बन्धित शाखा/कार्यालय | कै. |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय सहयोगी | १ | श्रेणी विहीन | १८,०००।- | ०९ नं. वडा कार्यालय, बेतिनी | |
| २ | हेभी सवारी चालक | २ | प्रथमस्तर | २९,२९५।- | यन्त्र उपकरण व्यवस्थापन शाखा | गत गाउँ कार्यपालिका निर्णयबाट १ जना थप |
| ३ | विद्युत प्राविधिक | १ | श्रेणी विहीन | २६०८२ | प्रशासन शाखा | |

८. उसु प्रशिक्षक तथा पूर्व राष्ट्रिय उसु खेलाडी जयराम रखाल (निरज) ले दिनु भएको निवेदन अनुसार नेपाल उसु महासंघद्वारा मिति २०८२।०१।०८ गते देखि १५ गते सम्म काठमाण्डौमा संचालन भएको ७ औं राष्ट्रिय उसु निर्णायक परीक्षा कोर्स तथा ११ औं राष्ट्रिय डिप्लोमा कोर्स परीक्षामा सहभागी भए बापत लाग्ने रु. १७ हजार रुपैयाँ बागमती गाउँपालिकाको चालु आ.व. मा खेलकुद प्रशिक्षण तथा विविध कार्यक्रम खर्च शीर्षकबाट व्यहोर्ने।

सर्केश घलान

अध्यक्ष

CamScanner